बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड ४ बर्ष ४ अंक ११ मिति : चैत्र ४ गते २०७७

स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग -१

# विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधि २०७७

नेपालको संविधान २०७२ को धारा २२६ अनुसूची ८ ले दिएको अधिकार तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) (१) को (ज )को बुँदा नं. ११ र १२ मा भएको व्यवस्था तथा बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ९ र २४ लाई कार्यन्वयन गर्न ऐनको दफा ६४ बमोजिम बुद्धभूमि नगरकार्यपालिकाको बैठकले विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधि २०७७ निर्माण गरेको छ।

## परिच्छेद - १

**१.संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस कार्यविधिको नाम **“विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधि २०७७”** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२) परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “नगरपालिका” भन्नाले बुद्धभूमि नगरपालिकालाई संझनु पर्छ।

(ख) “नगर शिक्षा समिति” भन्नाले बुद्धभूमि नगरपालिकाबाट गठित नगर शिक्षा समितिलाई संम्झनु पर्छ।

(ग) “ऐन” भन्नाले स्थानिय सरकार संचालन ऐन, २०७४ र बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन, २०७६ समेतलाई सम्झनु पर्छ।

(घ) “प्रमुख” भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) “विद्यालय” भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति प्राप्त सामुदायिक वा सार्वजनिक विद्यालय सम्झनु पर्छ।

(च) “समिति” भन्नाले विद्यालय समायोजन तथा दरवन्दी मिलान प्रयोजनका लागि गठित समितिलाई सम्झनु पर्छ।

## परिच्छेद – २

कार्यविधिको कार्यन्वयनका लागि विद्यालय समायोजन तथा दरवन्दी मिलान समिति सम्बन्धी व्यवस्था

३) विद्यालय समायोजन तथा दरवन्दी मिलान समिति:- (१) विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यलाई प्रभावकारी बनाउन, तथ्याङ्क संकलन, ट्याबुलेशन, बिश्लेषण, समायोजन तथा मिलानका लागि सहजीकरण एवं समन्वय गर्न एक कार्यदल रहने छ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) शिक्षकका पेशागत संघ संगठनका प्रमुख वा प्रतिनिधिबाट बढीमा ३ जना | सदस्य |
| (घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको, काम, कर्तव्य र अधिकार:-** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समायोजन हुने विद्यालयहरुको वास्तविक वस्तुस्थितिका आधारमा यकिन गर्ने र सकभर समायोजन हुन चाहने विद्यालयहरुलाई आवेदन पेश गर्न लगाउने,

(ख) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि वास्तविक तथ्याङ्क संकलन,ट्याबुलेश एवं बिश्लेषण गर्ने,

(ग) विद्यालय एवम् समुदायसंग छलफल, परामर्श गर्ने,

(घ) विद्यालय समायोजनका लागि नक्शाङ्कनको कार्य गर्ने,

(ङ) समायोजन भएका विद्यालयहरुको भौतिक, शैक्षिक तथा अन्य व्यवस्थापकीय सुधारका लागि नगरपालिकालाई आवश्यक सुझाव पेश गर्ने,

(च) समायोजन पछि बन्ने विद्यालयको नामाकरण सम्बन्धमा दुवै विद्यालयका

सरोकारवालाहरुको राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने,

(छ) समायोजन भएका विद्यालयको भौतिक पक्षको व्यवस्थापन कसरी गर्ने भनी उपयुक्त विकल्प सहित प्रतिवेदन दिने,

(ज) विद्यालयले पैश गरेको तथ्याङ्कलाई सत्यापन गरी सकेपछि मात्र विद्यालय समायोजन तथा दरवन्दी मिलानको कार्य अगाडि बढाउने,

(झ) यस कार्यविधिमा उल्लेख भएका विद्यालय समायोजन तथा दरवन्दी मिलानका आधारहर बाहेक थप आधारहरु आवश्यक परेमा पुष्ट्याई सहित तय गर्ने,

## परिच्छेद -३

### विद्यालय समायोजन एवम् तह र कक्षा घटाउने आधारहरु

५) विद्यालय समायोजन एवम् तह र कक्षा घटाउने आधारहरु:- विद्यालय समायोजन एवम्तह र कक्षा घटाउने आधारहरु देहाय बमोजिम हुनेछन्:-

(१) विद्यालय आउनेजाने गर्न लाग्ने समय:- विद्यालयहरुको दुरी ५ किलो मिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहूँच भै स्कूल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु,

(२) विद्यार्थी सङ्ख्या:- विद्यालय समायोजन एवम् तह र कक्षा घटाउँदा देहाय अनुसार भन्दा कम विद्यार्थी सङ्ख्या कम भएमा नजिकैको विद्यालयमा समायोजन गर्ने,

| | |
|---|---|
| क) कक्षा १-३ संचालित | ६०जना |
| ख) कक्षा १-५ संचालित | १०० जना |
| ग) कक्षा ६-८ समचालित | ६० जना |
| घ) कक्षा ९-१० समचालित | ४० जना |
| ङ) कक्षा ११-१२ संचालित | ४० जना |

(३) जनसङ्ख्या:- राष्ट्रिय जनगणना २०६८ र बुद्धभूमि नगरपालिकाको तथ्याङ्कका आधारमा घरधुरी घटेमा वा जनसङ्ख्या बृध्दि दर कम भएका भुगोल तथा सेवा

क्षेत्रका विद्यालयहरु,

(४) विद्यालयको स्तर वृद्धि- विद्यालयको स्तर वृध्दिका लागि आवश्यक विद्यार्थी सङ्ख्या, जनशक्ति व्यवस्थापन, भौगोलिक अवस्था, आवश्यक स्रोतको कमी र समुदायबाट प्रयाप्त सहयोग हुन नसकेका विद्यालयहरु,

(५) संचालनमा कठिनाई:- जनशक्तिको अभाव, विद्यार्थी सङ्ख्या घट्दै गएको, व्यवस्थापन पक्षको अभाव, जनसङ्ख्या कम हुदै गएको र नजिक प्रतिस्पर्धी विद्यालय भै सन्चालनमा कठिनाइ भएका विद्यालयहरु,

(६) विद्यालय नक्शाङ्कन:- नगरपालिकाले हाल सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको उचित व्यवस्थापनका लागि जिपिएस पध्दतिमा आधारित नक्शाङ्कन तयार गरी दीर्घकालिन रुपमा विद्यालयको पुनर्व्यवस्थापन गर्न ।

## परिच्छेद -४

## विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि विभिन्न पक्षको भूमिका

(६) नगरपालिकाको भूमिका:- (१) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि नगर शिक्षा समितिलाई निर्देशन दिने,

(२) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि कार्यदल गठन गर्ने,

(३) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(४) विद्यालय समायोजनका लागि जिपिएस पध्दति अनुसार विद्यालयको नकशाङ्कन गर्न आवश्यक व्यवस्था मिलाउने,

(५) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि गठित कार्यदललाई आवश्यक सल्लाह सुझाव दिने ।

(७) नगर शिक्षा समितिको भूमिका:- (१) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि गठित कार्यदललाई आवश्यक सल्लाह, सुझाव एवम् मार्ग निर्देशन दिने,

(२) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि थप आधारहरु तयार गर्ने,

(३) कार्यदलबाट पेश भएको प्रतिवेदन उपर छलफल गरी कार्यपालिकामा पेश गर्ने,

(४) विद्यालय समायोजन भै सकेपछि समय समयमा अनुगमन गरी विद्यालयलाई आवश्यक पृष्ठपोषण दिने ।

(८) वडा शिक्षा समितिको भूमिका:- (१) आफ्नो वडा भित्रका सवै विद्यालयहरुलाई समायोजन तथा दरवन्दी मिलानका लागि आवश्यक सहजीकरण गर्ने,

(२) समायोजन हुने विद्यालयहरुको पहिचान गरी कार्यदललाई सहजीकरण गर्ने,

(९) समायोजित भै जाने विद्यालयको भूमिका:- (१) समायोजोत भै जाने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी, शिक्षा प्रेमी, जनप्रतिनिधि तथा विद्यालयका बालबालिका सहितको सामुहिक भेला गरी समायोजनमा जानुको कारण, समायोजनका सकारात्मक पक्ष, समायोजन पश्चात विद्यालयको अवस्था, समायोजन पछि विद्यालयको भौतिक संरचनाको प्रयोग लगायतका बिषयबस्तुमा छलफल गरी निर्णय लिने,

(२) भेलाले गरेको निर्णय समेतका आधारमा विद्यालय व्यवस्थापन समितिले गाभिन जाने विद्यालय र कारण समेत खोली समायोजनमा जाने आधिकारिक निर्णय गर्ने,

(३) गाभिन जाने विद्यालयको नाम, ठेगाना तथा गाभ्नका लागि दुवै विद्यालयले गरेको निर्णय सहित समायोजनका लागि नगरपालिकामा पेश गर्ने,

(४) विद्यालयको सम्पूर्ण अभिलेख, नगद तथा जिन्सी खाता र अन्य कागजातहरु समोजन भएको विद्यालयमा हस्तान्तरण गर्ने ।

(१०) समायोजन तथा एकीकरण भएपछि बन्ने विद्यालयको भूमिका:- (१) विद्यालय समायोजन वा गाभिए पछि विद्यालयमा रहेका फर्निचर, पाठ्य सामग्री लगायत अन्य नगद तथा जिन्सी सामान जिन्सी खातामा दाखिला गर्नु पर्ने,

(२) विद्यालय समायोजन वा गाभिए पछि गाभिएको विद्यालयमा रहेका पुराना शैक्षिक सामग्री, टुटेफुटेका तथा काम नलाग्ने फर्निचर लगायतको विवरण तयार गरी त्यस्ता भौतिक सामग्रीहरु सालाखाला न्युनतम मुल्य कायम गरी नगरपालिकामा जानकारी गराउने,

(३) विद्यालयको आय आर्जनमा प्रयोग जग्गा प्रयोग भएको भए त्यसको निरन्तरताका लागि गाभिएको विद्यालयले योजना सहित नगरपालिकामा जानकारी दिने,

(४) समायोजन हुने विद्यालयले आप्नो सेवा क्षेत्रका सरोकारवालाहरुको सामुहिक भेला

गराइ समायोजन हुन आउने विद्यालयको विवरण सहित समायोजन पश्चात विद्यालयले खेल्नु पर्ने भूमिका, भौतिक पक्षको अवस्था विश्लेषण र थप व्यवस्थापन लगायतका बिषयमा छलफल गरी निर्णयमा पुग्ने,

(५) भेलाको निर्णय पश्चात विद्यालय व्यवस्थापन समितिले समायोजनका लागि नगरपालिकामा निर्णय सहित निवेदन दिने,

(६) समायोजन भै आएका विद्यालयका शिक्षक, कर्मचारी,तथा विद्यार्थीको अभिलेख विद्यालयको अभिलेखमा अद्यावधिक गर्ने र सो को जानकारी नगरपालिकामा दिने,

(७) विद्यालय समायोजन वा गाभिए भएपछि विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न आवश्यक भएमा ऊक्त कार्यको लागत अनुमान सहित नगरपालिकामा निवेदन दिने ।

## परिच्छेद - ५
## शिक्षक दरवन्दी मिलान सम्बन्धी व्यवस्था

**११) शिक्षक दरवन्दी मिलान:-** शिक्षक दरवन्दी मिलान देहाय अनुसारको आधारमा गरिनेछ:-

(१) शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा उल्लेख भएको विद्यालयमा रहने दरवन्दीका आधारमा २०७६ को Flash Report दोस्रो र २०७७ को Flash Report प्रथमको औषत तथ्याङ्कका शिक्षक विद्यार्थी अनुपातका आधारमा मौजुदा अवस्थाको पहिचान गर्ने ।

(२) दरबन्दी पुनर्वितरण गर्दा साविकमा रहेको प्राथमिक तह (कक्षा एक देखि पाँच सम्म), निम्न माध्यमिक तह (कक्षा छ देखि आठ सम्म), माध्यमिक तह (कक्षा नौ देखि दश सम्म) र उच्च माध्यमिक तह (कक्षा एघार र बाह्र) लाई आधारको रुपमा लिने,

(३) दरवन्दी मिलान गर्दा प्राथमिक तह देखि कक्षा १२ सम्मको राहत अनुदान कोटा समेतलाई गणना गर्ने तर प्राविधिक धार संचालनमा रहेका विद्यालयको अनुदान कोटालाई गणना नगर्ने,

(४) कुनै विद्यालयमा माथिल्लो तहमा दरवन्दी अपुग भएको अवस्थामा तल्लो तहमा

बढी भएको दरवन्दी समेतलाई एकमुष्ट गणना गरी शिक्षा नियमावली २०५९ अनुसार न्युनतम दरवन्दी सुनिश्चित गरी  दरवन्दी मिलान गर्ने,

(५) शिक्षक दरवन्दी थप गर्दा नियमाली अनुसार हुनु पर्ने विद्यार्थी सङ्ख्याको ५० प्रतिशत भन्दा बढी भएमा थप गर्ने र थप गर्दा प्राथमिक तहमा कक्षागत रुप र नि. मा. तथा मा. तहमा बिषयगत रुपमा आधार मान्ने,

(६) सेक्सन खोल्नु पर्ने अवस्था भएमा सो को यकिन गरी ७० जना भन्दा बढी विद्यार्थीका लागि थप १ शिक्षकको प्रस्ताव गर्ने,

(७) दरवन्दी मिलानको क्रममा कटौती हुने विद्यालयबाट थपहुने विद्यालयमा दरवन्दी थप गर्दा तहगत रुपमा कुनै पनि दरवन्दी नभएका विद्यालयमा पहिलो प्राथमिकता दिने ।

(७) तहगत रुपमा दरवन्दी नभएका तर विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरुमा प्राथमिकता दिइ दरवन्दी थप गर्दै जाने ।

**१२) शिक्षक व्यवस्थापन गर्दा लिईने आधारहरु:-** (१) विद्यालय समायोजन पछि शिक्षक व्यवस्थापन गर्दा समायोजन हुने विद्यालयमा व्यवस्थापन गर्ने ।

(२) समायोजन हुने विद्यालयमा दरवन्दी खपत हुन नसकेमा दरवन्दी थप हुने नजिकको विद्यालयमा व्यवस्थापन गर्ने ।

(३) त्यसरी पनि व्यवस्थापन हुन नसकेमा शिक्षकको माग बमोजिम नजिकको पायक पर्ने विद्यालयमा पदस्थापन गर्ने ।

(४) दरवन्दी मिलान गर्दा कटौती हुने विद्यालयबाट सबै भन्दा कनिष्टताको आधारमा स्थानान्तरण गर्ने ।

(५) राहत अनुदान कोटामा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिको आधारलिइ कनिष्टताको आधारमा स्थानान्तरण गर्ने ।

(६) दरवन्दी मिलानको क्रममा शिक्षकहरुको  मागको गरी शिक्षक सरुवा गर्ने ।

## परिच्छेद - ६
## विविध

१३) शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने:- यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु तोकिएको समय भित्र स्थानानतरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ ।

१४) विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने:- विद्यालय समायोजन तथा दरवन्दी मिलानको सिलसिलामा स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

१५) प्रधानाध्यापकको जिम्मेवारी:-विद्यालय समायोजन तथा दरवन्दी मिलानका क्रममा समायोजन भै विद्यालयमा प्राप्त भएको नगद तथा जिन्सी सामग्रीको व्यवस्थापन एवम् संरक्षण गर्ने र शिक्षक व्यवस्थापनको क्रममा स्थानान्तरण भै आएका शिक्षकलाई हाजिर गराउने र स्थानान्तरण भै जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

१६) आवधिक दरवन्दी मिलान सम्बन्धी व्यवस्था:- (१) जनसंख्याको विचलन र अन्य कारणले विद्यालय समायोजन तथा दरवन्दी मिलान गर्नु परेमा शैक्षिक सत्र सुरु हुनु एक महिना अगावै उक्त कार्य सम्पन्न गर्नु पर्नेछ ।

(२) विद्यालय समायोजन तथा दरवन्दी मिलान गर्दा प्रचलित ऐन, नियम एवम् यस कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

१७) बाझिएमा अमान्य हुने:- यस कार्यविधिमा व्यवस्था भएको कुनै कुरा कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत